टोल फ्रि नं.१६६०८१५२०५२
फ्याक्स नं.०८१–५२०२४०

# नेपालगन्ज उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नेपालगन्ज, बाँके
### प्रदेश नं.५

## किस्ता रकम चुक्ता गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना

यस उप–महानगरपालिका क्षेत्रभित्र विज्ञापनकर संकलनको लागि तपसिलको एडभर्टाइजिङ्गसंग आ.व. ०७३/०७४ देखि आ.व.०७५/०७६ असार मसान्त सम्म ३ (तीन) वर्षको लागि ठेक्का सम्झौता भएकोमा सम्झौताको शर्त बमोजिम उक्त एडभर्टाइजिङ्गले यस उप–महानगरपालिकालाई बुझाउनुपर्ने आ.व.०७५/०७६ को प्रथम किस्ताको बाँकी रकम तथा सो आ.व.को दोस्रो र तेस्रो किस्ताको रकम र जरिवाना बापतको रकम नबुझाई सम्झौताको शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्वन्धमा पटक पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बक्यौता रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिनभित्र यस उप–महानगरपालिकामा सम्पर्क राखि यस उप–महानगरपालिकालाई तिर्न बुझाउन बाँकी रकम समेत चुक्ता गर्नु हुन सम्वन्धित एडभर्टाइजिङ्गलाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम सम्वन्धित एडभर्टाइजिङ्गलाई कालो सूचीमा राखी सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाहीको लागि सम्वन्धित निकायमा लेखि पठाउन सकिने ब्यहोरा सम्वन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसिल**

ब्यवसाय/संघ संस्थाको नामः–छाँया एडभर्टाइजिङ्ग
ब्यवसाय/संघ संस्थाको ठेगानाः–विराटनगर–६,मोरङ
ब्यवसायीको नामः–रामकृष्ण चुहान
ब्यवसायीको बाबुको नामः– भक्त बहादुर चुहान
ब्यवसायीको ठेगानाः–पूर्व कुशाहा–९,सुनसरी